# सिद्धिचरण नगरपालिका

## ओखलढुङ्गा

## वडा कार्यालयबाट उपलब्ध हुने सेवा सम्बन्धी

## नागरिक बडापत्र

| क्र.सं. | सेवा सुविधाको बिवरण | सेवा लिनका लागि आवश्यक प्रमाण कागज र प्रक्रिया | सेवा लिंदा लाग्ने शुल्क/दस्तुर | सेवा लिन लाग्ने समय | सेवा दिने जिम्मेवार पदाधिकारी | गुनासो सुन्ने पदाधिकारी |
|---|---|---|---|---|---|---|
| १ | **नाता प्रमाणित** | ● निवेदक र निजका के के नाताको को को सँग नाता प्रमाणित गरिनुपर्ने हो ? सो सम्बन्धी बिवरण खुलेको निवेदन,<br>● निवेदक र नाता प्रमाणित गरिनुपर्ने व्यक्तिहरुवीच एक आपसमा नाता देखिने कागजात (नागरिकता, जन्म/मृत्यु/विवाह दर्ता प्रमाणपत्र) को फोटोकपि,<br>● नाता प्रमाणित गर्नुपर्ने सम्वन्धित व्यक्तिहरुको पासपोर्ट साइजको फोटो २/२ प्रति,<br>● आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझ्न सकिने । | ☞ स्थानीय प्रयोजन प्रति प्रमाणित रु.१००।-<br>☞ वैदेशिक सेवाको पेन्सन नामसारी प्रयोजन प्रति प्रमाणित रु.४००।-<br>☞ वैदेशिक अध्ययनका लागि प्रति प्रमाणित रु.५००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| २ | **नागरिकता सिफारिस** | ● नागरिकता लिनेको नाम, थर, वतन, जन्म मिति र बावु आमाको नाम समेत खुलेको निवेदन,<br>● निवेदकको बाबु, आमा वा आफ्ना बंशतर्फका तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि,<br>● जन्म दर्ता प्रमाणपत्रको फोटोकपि,<br>● विवाहित महिलाको हकमा पति र आमा बावुको नागरिकता प्रमाणपत्र र विवाह दर्ता प्रमाणपत्रको फोटोकपि,<br>● विद्यार्थीको हकमा जन्म मिति उल्लेख भएको चारित्रिक प्रमाणपत्रको फोटोकपि,<br>● अन्यत्रबाट बसाइसरी आएको भए बसाइसराई प्रमाणपत्रको फोटोकपि,<br>● दुवै कान देखिने अटो साइजको फोटो ३ प्रति । | ☞ सरजमिन बुझ्नु नपर्नेमा रु.१५०।-<br>☞ सरजमिन बुझ्नु पर्नेमा रु.५००। | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३ | **नागरिकताको प्रतिलिपि सिफारिस** | ● निवेदकको नाम, थर, वतन, जन्म मिति, तीनपुस्ते बिवरण नागरिकता लिएको मिति खुलेको सिफारिस,<br>● दुवै कान देखिने अटो साइजको फोटो ३ प्रति,<br>● विवाहित महिला भएमा विवाह दर्ता प्रमाणपत्र,<br>● बसाइसरी आएको भए बसाइसराई दर्ताको प्रमाणपत्र । | ☞ प्रति सिफारिस रु.२००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ४ | **बहाल करको लेखाजोखा सिफारिस** | ● निवेदन मागको सिफारिस,<br>● निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>● बहाल सम्झौता । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ५ | **बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्ने** | ● आवश्यक बिवरण खुलेको निवेदन,<br>● निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि,<br>● बहाल कर सम्झौताको सिफारिस,<br>● जिल्ला प्रशासन कार्यालयको पत्र,<br>● स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि । | ☞ प्रति सिफारिस रु.१००।- | निवेदन दिएको भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | **मोही लगत कट्टाको सिफारिस गर्ने** | • मोही लगत कट्टा गर्नुपर्ने बिवरण खुलेको निवेदन,<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि,<br>• जग्गाको प्रमाणित नापी नक्सा,<br>• आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझिने । | ☞ प्रति सिफारिस रु.१००।- | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| ७ | **घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नागरिकताको प्रतिलिपि,<br>• घर जग्गाको कर तिरेको प्रमाण रसिद,<br>• सो सम्वन्धी पुष्ट्याई दिने अन्य कागजहरु । | ☞ प्रति सिफारिस रु.१००।- | २० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ८ | **जन्म मिति प्रमाणित गर्ने** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नागरिकताको प्रमाणपत्र र नावालखको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>• बसाइसरी आएको भए सो को प्रमाणपत्र । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ९ | **व्यापार व्यवसाय बन्द भएको सिफारिस** | • बन्द भएको व्यवसायको बिवरण खुलेको निवेदन,<br>• नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• चालु आर्थिक बर्ष सम्मको व्यवसाय नवीकरण भएको प्रमाण,<br>• भाडाको घरमा व्यवसाय सञ्चालन गरेको भए भाडा सम्झौता । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| १० | **व्यवसाय सञ्चालन नभएको सिफारिस** | • व्यवसाय सञ्चालन नहुनको कारण सहितको निवेदन,<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि,<br>• व्यवसाय दर्ता गरी चालु आ.व.सम्मको लागि नवीकरण गरेको प्रमाण,<br>• भाडाका घरमा व्यवसाय गरेको भए भाडा सम्झौता । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ११ | **व्यापार व्यवसाय हुँदै नभएको सिफारिस** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नागरिकताको प्रतिलिपि,<br>• स्थलगत सरजमिन मुचुल्का । | ☞ प्रति सिफारिस रु.१००।- | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भालिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| १२ | **विवाहित प्रमाणीकरण सिफारिस** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>• पेश भएको कागजातबाट प्रमाण नखुलेको अवस्थामा स्थलगत सरजमिन,<br>• नगरपालिकालाई चालु आ.व.मा बुझाउनु पर्ने कर दस्तुर चुक्ता गरेको रसिद । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| १३ | **अविवाहित प्रमाणीकरण सिफारिस** | • निवेदकको नाम, थर, वतन, जन्म मिति र तीनपुस्ते बिवरण खुलेको निवेदन,<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• पासपोर्ट साइजको दुई प्रति फोटो,<br>• स्थलगत सरजमिन मुचुल्का,<br>• नगरपालिकालाई चालु आ.व.मा बुझाउनु पर्ने कर दस्तुर चुक्ता गरेको रसिद । | ☞ प्रति सिफारिस रु.५००।- | निवेदन दिएको भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | **नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने** | ● सिफारिस मागको निवेदन,<br>● निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>● अस्पतालले दिएको रोग निदान (पहिचान) पत्र,<br>● विपन्नताको अवस्था खुलेको कुनै प्रमाण कागज भए । | ☞ प्रति सिफारिस रु.१००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| १५ | **अंग्रेजी भाषामा गरिने सिफारिस तथा प्रमाणित** | ● सिफारिस मागको निवेदन,<br>● निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>● सिफारिसको व्यहोरा पुष्ट्याई गर्ने कागजातहरुको प्रतिलिपि,<br>● आवश्यकताका आधारमा स्थलगत सरजमिन बुझिने । | ☞ प्रति सिफारिस रु.५००।- | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| १६ | **घर पाताल प्रमाणित गर्ने** | ● सिफारिस मागको निवेदन,<br>● घरको नक्सा, नक्सा पासको प्रमाण,<br>● आवश्यकताको आधारमा स्थलगत सरजमिन मुचुल्का । | ☞ प्रति सिफारिस रु.१००।- | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| १७ | **व्यक्तिगत बिवरण प्रमाणित गर्ने** | ● सिफारिस मागको निवेदन,<br>● निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>● बिषयसँग सम्बन्धित अन्य प्रमाण कागज भए । | ☞ प्रति सिफारिस रु.१००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| १८ | **जग्गाधनी दर्ता प्रमाण पूर्जामा घर कायम गर्ने सिफारिस** | ● घर कायम गरिपाउँ भन्ने व्यहोराको सिफारिस,<br>● निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>● सम्बन्धित जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि,<br>● भवन निर्माण कार्य सम्पन्न प्रमाणपत्र,<br>● जग्गाको प्रमाणित नापी नक्सा । | ☞ प्रति सिफारिस रु.१००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| १९ | **व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक - फरक भएको भए सो व्यक्ति एउटै हो भन्ने सिफारिस** | ● निवेदकको तीनपुस्ते बिवरण सहितको निवेदन,<br>● निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>● नाम, थर, जन्म मिति तथा वतन फरक भएको पुष्टि गर्ने कागज प्रमाण,<br>● आवश्यकता अनुसार स्थलगत सरजमिन मुचुल्का । | ☞ प्रति सिफारिस रु.१००।- | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| २० | **नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने** | ● निवेदकको तीनपुस्ते बिवरण सहितको निवेदन,<br>● निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>● संशोधनको लागि पुष्ट्याई दिने कागज प्रमाण,<br>● आवश्यकताको अनुसार स्थलगत सरजमिन मुचुल्का । | ☞ प्रति सिफारिस रु.१००।- | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| २१ | **जग्गाधनी दर्ता प्रमाण पूर्जा हराएको सिफारिस गर्ने** | ● निवेदकको तीनपुस्ते बिवरण सहितको निवेदन,<br>● निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>● जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि भएमा । | ☞ प्रति सिफारिस रु.१००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| २२ | **कित्ता काट गर्ने सिफारिस गर्ने** | ● निवेदकको तीनपुस्ते बिवरण सहितको निवेदन,<br>● निवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपि,<br>● कित्ता काट गरिनुपर्ने जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा र ब्ल प्रिन्ट नक्सा । | ☞ प्रति सिफारिस रु.१००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | **संरक्षक प्रमाणित (संस्थागत)** | • संस्थाको चिठ्ठी,<br>• संस्था नवीकरणको निस्सा, विधान र नियमावलीको प्रतिलिपि,<br>• संस्थाले घर बहालमा लिएको भए बहाल सम्झौता,<br>• आवश्यकताको आधारमा सरजमिन बुझ्न सकिने,<br>• संरक्षक दिनेको नागरिकताको प्रतिलिपि,<br>• आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझिन । | ☞ प्रति सिफारिस रु.१००।- | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| २४ | **संरक्षक प्रमाणित (व्यक्तिगत)** | • सिफारिस मागको निवेदन,<br>• संरक्षक दिने र लिनेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,<br>• स्थलगत सरजमिन मुचुल्का । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिटर | वडा अध्यक्ष | नगर प्रमुख |
| २५ | **जीवितसँगको नाता प्रमाणित** | • सिफारिस मागको निवेदन,<br>• क-कस्को बीचमा नाता प्रमाणित गर्ने हो एक आपसमा नाता खुल्ने कागजात तथा नागरिकताको प्रतिलिपि,<br>• नाता प्रमाणित गरिनुपर्ने व्यक्तिहरुको फोटो २/२ प्रति,<br>• आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझिने । | ☞ स्थानीय प्रयोजन प्रति प्रमाणित रु.१००।-<br>☞ वैदेशिक सेवाको पेन्सन नामसारी प्रयोजन प्रति प्रमाणित रु.४००।-<br>☞ वैदेशिक अध्ययनको लागि प्रति प्रमाणित रु.५००।- | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| २६ | **मृतकसँगको नाता प्रमाणित तथा सरजमिन सिफारिस** | • सिफारिस मागको निवेदन,<br>• मृतकसँग नाता खुल्ने प्रमाण कागजको प्रतिलिपि,<br>• मृतकको मृत्यु दर्ता प्रमाणपत्र र नागरिकताको प्रतिलिपि,<br>• मृतकको हकदारहरुको नागरिकताको प्रतिलिपि,<br>• हकवाला नावालख भए जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>• बसाइसरी आएको भए बसाइसराई प्रमाणपत्रको प्रतिलिपि,<br>• हकदारहरुको पासपोर्ट साईजको फोटो ४/४ प्रति,<br>• स्थलगत सरजमिन मुचुल्का । | ☞ स्थानीय प्रयोजन प्रति प्रमाणित रु.१००।-<br>☞ वैदेशिक सेवाको पेन्सन नामसारी प्रयोजन प्रति प्रमाणित रु.४००।-<br>☞ वैदेशिक अध्ययनको लागि प्रति प्रमाणित रु.५००।- | निवेदन दिएको भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| २७ | **जीवित रहेको सिफारिस** | • व्यक्ति स्वयम् उपस्थित भई निवेदन दिनुपर्ने,<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• दुई प्रति पासपोर्ट साइजको फोटो । | ☞ प्रति सिफारिस रु.१००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| २८ | **हकवाला वा हकदार (पारिवारिक बिवरण) प्रमाणित** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• हकवाला वा हकदार पुष्ट्याई गर्ने प्रमाण कागजहरु,<br>• स्थलगत सरजमिन मुचुल्का । | ☞ वैदेशिक पेन्सन नामसारी प्रयोजन रु.१०००।-<br>☞ अन्य प्रयोजन रु.१००।- | निवेदन दिएको भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| २९ | **नामसारी गर्ने सिफारिस गर्ने** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• नामसारीका लागि पुष्ट्याई गर्ने प्रमाण कागज,<br>• स्थलगत सरजमिन मुचुल्का । | ☞ प्रति सिफारिस रु.५००।- | निवेदन दिएको भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३० | **जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• हक पुष्ट्याई गर्ने प्रमाण कागज । | ☞ प्रति सिफारिस रु.१००।- | निवेदन दिएको भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | **उद्योग ठाउँसारी गर्ने सिफारिस** | • सिफारिस मागको निवेदन,<br>• उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>• घर/जग्गा बहालमा लिई उद्योग सञ्चालन गरेको भए बहाल सम्झौताको प्रतिलिपि,<br>• चालु आर्थिक बर्ष सम्मको लागि उद्योग नवीकरण भएको प्रमाण कागज । | ☞ प्रति सिफारिस रु.१००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३२ | **आधरभूत विद्यालय खोल्नका लागि गरिने सिफारिस** | • विद्यालय खोल्न गरिएको निर्णय उतार,<br>• गुठी अन्तरगत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि,<br>• जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच बर्षसम्मको लागि घर वा जग्गा बहालमा लिने गरी गरिएको सम्झौता,<br>• प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिटर | वडा अध्यक्ष | नगर प्रमुख |
| ३३ | **जग्गा तथा घर मूल्याङ्कन सिफारिस** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नागरिकताको प्रतिलिपि,<br>• मूल्याङ्कन गरिनुपर्ने जग्गाको धनिपूर्जाको प्रतिलिपि,<br>• आवश्यकताको आधारमा स्थलगत सरजमिन मुचुल्का । | ☞ दशलाख सम्मको मूल्याङ्कनमा रु.५००।-<br>☞ दशलाख एकदेखि पच्चीस लाख सम्मको मूल्याङ्कनमा रु.१०००।-<br>☞ पच्चीस लाख एकदेखि पचास लाख सम्मको मूल्याङ्कनमा रु.२५००।-<br>☞ पचास लाख एकदेखि एक करोड सम्मको मूल्याङ्कनमा रु.५०००।-<br>☞ एक करोडभन्दा माथिका मूल्याङ्कनमा रु.७०००।- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३४ | **विद्यालयको कक्षा थप सिफारिस** | • सम्वन्धित विद्यालयको पत्र,<br>• हाल सञ्चालित कक्षासम्म सञ्चालनका लागि प्राप्त स्वीकृति पत्रको फोटोकपि,<br>• बहालमा सञ्चालन गरिएको भए बहाल सम्झौता पत्रको प्रतिलिपि । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३५ | **अशक्त, असहाय तथा अनाथको पालनपोषणको लागि सिफारिस** | • सिफारिस मागको निवेदन,<br>• व्यहोरा पुष्ट्याई गर्ने कागजात,<br>• स्थलगत सरजमिन मुचुल्का । | ☞ प्रति सिफारिस रु.१००।- | निवेदन दिएको भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३६ | **वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस** | • सिफारिस मागको निवेदन,<br>• अङ्गिकृत नागरिकता प्राप्त गर्न खोजेको स्पष्ट आधार,<br>• साविक मुलुकको नागरिकता परित्याग गरेको वा परित्याग गर्न कारवाही चलाएको पुष्टि गर्ने प्रमाण कागज,<br>• विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>• हालसाल खिचेको ३ प्रति फोटो,<br>• आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझिन । | ☞ प्रति सिफारिस रु.७००।- | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३७ | **आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस** | • सिफारिसको लागि आवश्यक आधार खुलेको निवेदन,<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• जग्गाधनी दर्ता प्रमाण पूर्जा,<br>• अन्य आयस्रोत भए आयस्रोत खुल्ने कागजात । | ☞ प्रति सिफारिस रु.१००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३८ | **आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि,<br>• आर्थिक अवस्था कमजोर भएको पुष्टि गर्ने अन्य कागज भएमा । | ☞ प्रति सिफारिस रु.१००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९ | **विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने** | • सम्वन्धित विद्यालयको पत्र,<br>• विद्यालय सञ्चालन स्वीकृति पत्रको फोटोकपि,<br>• घर जग्गा बहालमा लिएको भए बहाल सम्झौताको प्रतिलिपि,<br>• ठाउँसारी गरी जाने र आउने वडा कार्यालयको सहमति पत्र । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ४० | **धारा तथा विजुली जडानको लागि सिफारिस** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• नगरपालिकाबाट पास गरिएको नक्साको प्रतिलिपि,<br>• जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि । | ☞ प्रति सिफारिस रु.५००।- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ४१ | **प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमका अन्य सिफारिस वा प्रमाणित** | • सिफारिस मागको निवेदन,<br>• निवेदकको नागरिकताको प्रतिलिपि,<br>• माग पुष्ट्याई गर्न कागजातहरुको प्रतिलिपि । | ☞ प्रति सिफारिस रु.१००।- | १५ मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ४२ | **उद्योग/व्यवसाय दर्ता** | • उद्योग/व्यवसाय गरिने घरको चार किल्लाका जग्गाको कित्ता नं. र चार किल्लाका सधियारहरुको नाम, ठेगाना खुलेका निवेदन,<br>• निवेदकको नागरिकताको प्रमाणपत्रको फोटोकपि,<br>• आफ्नै स्वामित्वको घरमा उद्योग/व्यवसाय गर्ने भए घरधनीको जग्गाधनी प्रमाण पूर्जाको फोटोकपि,<br>• बहालको घर/जग्गामा व्यवसाय गर्ने हो भने घरधनीको धनीपूर्जा, मञ्जुरीनामा र बहाल सम्झौताको प्रतिलिपि,<br>• निवेदकको पासपोर्ट साईजको फोटो २ प्रति<br>• आवश्यकताको आधारमा स्थलगत सरजमिन मुचुल्का । | ☞ बार्षिक नवीकरण शुल्क वापतको रकम बराबर | सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट | वडा सचिव | वडा अध्यक्ष |
| ४३ | **जन्मदर्ता** | • वालक/वालिकाका बाबु आमाको नागरिकताको प्रमाणपत्र,<br>• सूचना दिने (परिवारको मुख्य व्यक्ति) को नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• अस्पतालमा जन्मेको भए अस्पतालले दिएको जन्म प्रमाणपत्र,<br>• नाबालकको बाबु वा आमाले सूचना फाराम भरी पेश गर्नुपर्ने । | ☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने<br>☞ ३५ दिन नाघेपछि रु.१००।- | २० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| ४४ | **मृत्य दर्ता** | • मृतकको नागरिकताको प्रमाणपत्र,<br>• नागरिकताको प्रमाणपत्र सहित परिवारको मुख्य व्यक्ति कार्यालयमा उपस्थित भई सूचना दिनुपर्ने । | ☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने<br>☞ ३५ दिन नाघेपछि रु.१००।- | २० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| ४५ | **विवाह दर्ता** | • आ-आफ्नो नेपाली नागरिकताको प्रमाणपत्र सहित पति पत्नी दुवैजना कार्यालयमा उपस्थित भई सूचना दिनुपर्ने,<br>• दर्ताद्वारा विवाह भएको भए सो को प्रमाणपत्रको फोटोकपी समेत संलग्न हुनुपर्ने । | ☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने<br>☞ ३५ दिन नाघेपछि रु.१००।- | २० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| ४६ | **सम्वन्ध विच्छेद्** | • नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि,<br>• अदालतको फैसला सहित सरोकारवाला व्यक्तिले सूचना दिनुपर्ने । | ☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने<br>☞ ३५ दिन नाघेपछि रु.१००।- | २० मिनेट | वडा सचिव | वडा अध्यक्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | **बसाइसराई दर्ता** | ● वसाइसरी जाने स्थानको जग्गाधनी प्रमाण पूर्जा र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>● वसाइसरी जाने परिवारका सदस्यहरुको नाम थर, घरमूलीसँगको नाता र जन्म मिति सहितको विवरण,<br>● बसाइसरी आएको भए सरी आएको गा.पा./ न.पा.ले दिएको बसाइसराई प्रमाणपत्रको प्रतिलिपि,<br>● माथि उल्लेखित कागजात सहित परिवारको मुख्य व्यक्तिले सूचना दिनुपर्ने । | ☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने<br>☞ ३५ दिन नाघेपछि रु.१००।- | २० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| ४८ | **अगाडी दर्ता गराएको व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपि लिने** | ● प्रतिलिपि माग गरिएको निवेदन,<br>● निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि । | ☞ प्रति गोटा रु.१००।- | २० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| ४९ | **सामाजिक सुरक्षा कार्यक्रम अन्तरगतको परिचयपत्र लिने** | **परिचयपत्र लिनका लागि दरखास्त दिनु पर्ने :**<br>● ज्येष्ठ नागरिकको हकमा आगामी आ.व.को फागुन मसान्तभित्र उमेर (दलित ६० बर्ष र अन्य जाति ७० बर्ष) पुग्ने मिति उल्लेख गरी प्रत्येक बर्षका साउन १ देखि पौष मसान्त भित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने । | ☞ दरखास्तसाथ २ प्रति पासपोर्ट साईजको फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने ।<br>**(कुनै शुल्क दस्तुर नलाग्ने)** | उमेर पुग्ने मितिको आगामी चौमासिकदेखि भत्ता पाउने | वडा अध्यक्ष | नगर प्रमुख |
| | | **अन्यको हकमा**<br>● पतिसँग सम्वन्ध विच्छेद् गरी वा विवाह नै नगरी बसेका ६० बर्ष उमेर पुरा भएका एकल महिलाहरु,<br>● पतिको मृत्यु भएका जुनसुकै उमेरका एकल महिलाहरु,<br>● रातो रङ्गको अपाङ्गता अपाङगता परिचयपत्र प्राप्त गरेका नागरिकहरु,<br>● नीला रङ्गको अपाङ्गता अपाङगता परिचयपत्र प्राप्त गरेका नागरिकहरु,<br>● एक परिवारका दलित परिवारको एक आमाबाट जन्मेका पाँचबर्ष मुनीका बढीमा दुई बालबालिकाहरु ।<br>(**आफ्नो प्रमाण कागज सहित जहिलेसुकै दरखास्त दिन सकिने । बालबालिकाको हकमा बावु वा आमाले दरखास्त दिनुपर्ने)** | ● नागरिकताको प्रतिलिपि,<br>● दरखास्तसाथ २ प्रति पासपोर्ट साईजको फोटो,<br>● बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि,<br>● एकल महिलाले सम्वन्ध विच्छेद् दर्ता प्रमाणपत्र,<br>● विधवा महिलाले पतिको मृत्यु दर्ताको प्रतिलिपि,<br>● अपाङ्गताका हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।<br>**(कुनै शुल्क दस्तुर नलाग्ने)** | दरखास्त दिएको आगामी चौमासिकदेखि भत्ता पाउने | वडा अध्यक्ष | नगर प्रमुख |

❖ सेवा लिनुअघि सेवाग्राहीले नगरपालिकालाई बुझाउनु पर्ने सबै शुल्क, कर र दस्तुर बुझाएको हुनु पर्नेछ ।

❖ सेवा प्रदान गरिदा पहिलो आउनेलाई पहिलो तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र महिलालाई प्राथमिकता दिईनेछ ।